"मुसिकोट नगरको समृद्धिका आधार: सामाजिक विकास र न्यायसँगै कृषि,उद्योग,पर्यटन र पूर्वाधार"

# मुसिकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

तामीटक्सार, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

च.नं.: सूचना (१११)
प.सं.: २०८१/८२

## नदिजन्य पदार्थ विक्रीका लागि दररेट आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८१/११/०९)

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क. र यस नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा १४ को व्यवस्था बमोजिम तपसीलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०८०/०८१को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी मिति २०८१ फागुन १५ गते भित्र तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही खरिद/विक्रि प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### तपसील

| सि.नं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्र/दरभाउपत्रको नाम | उत्खन्न परिमाण (घन फुट) | न्यूनतम रकम रु. (मू.अ.कर सहित) | दरभाउ पत्र दर्ता गर्ने अन्तिम मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | MMHC/Riverbed/Hadikhola/081-082 | Riverbed materials extraction work from Hadi Khola Ward No. 2 | ३६७०९ | २४८८८७ | मिति २०८१/११/१८ गते अपरान्ह १२ बजे भित्र | |
| २ | MMHC/Riverbed/Phurseypaira/081-082 | Riverbed materials extraction work from Phurseypaira Ward No. 1 | ३९९९५ | २७११६६ | मिति २०८१/११/१८ गते अपरान्ह १२ बजे भित्र | |
| ३ | MMHC/Riverbed/Dobhan/081-082 | Riverbed materials extraction work from Dobhan Ward No. 4 | ३७८७४ | २५६७८५ | मिति २०८१/११/१८ गते अपरान्ह १२ बजे भित्र | |
| ४ | MMHC/Riverbed/Thumka Gaira /081-082 | Riverbed materials extraction work from Thumka Gaira Ward No. 3 | ६५४४७ | ४४३७३० | मिति २०८१/११/१८ गते अपरान्ह १२ बजे भित्र | |

**शर्तहरु:**

१. निवेदन तथा आवश्यक कागजात पेश गरेपछि BOQ फाराम प्राप्त गर्न सकिने छ । फाराम दस्तुर लाग्ने छैन । दररेट पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. खरिद गरेको BOQ फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी प्रस्तावदाताले प्रत्येक पानामा तोकिए अनुसार सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र/ठेक्का विवरण, प्रोप्राइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी गरी पेश गर्नु पर्नेछ । रीत पूर्वक पेश नभएका दरभाउपत्र कार्यालयले बुझ्न बाध्यहुने छैन ।



नि. प्रमुख
प्रशासकीय अधिकृत

३. रीतपूर्वक पर्न दररेट सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १ बजे विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै प्रस्तावदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन विदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

४. दररेट मूल्यांकन गर्दा कुनै कैफियत देखिएमा प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

५. कोटेशन स्वीकृत भएमा सो को सूचना पाएको मितिले ७ दिनभित्र सम्झौताको लागि कबोल रकम यस कार्यालयको ग्लोबल आइ. एम. इ. वैक वामीटक्सारमा रहेको ग.६.१. स्थानीय विभाज्य कोष खाता, खाता नं. ०७२०४०१००००००१४ मा जम्मा गर्नुपर्नेछ। साथै नियमानुसारको अग्रिम आयकर तथा मू.अ.क. रकम दाखिलाको लागि कार्यालयबाट भौचर उपलब्ध गराइने छ।

६. नदिजन्य पदार्थ विक्रि वितरण गर्दा प्रत्येक ट्रिपमा अनिवार्य रुपमा रोयल्टी कुपन/आम्दानी रसिद प्रयोग गर्नु पर्नेछ।

७. यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

..................

ढाल बहादुर जि. सी.

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत